# कोभिड-१९ महामारी र नेपालको विद्यालय शिक्षा : केही चुनिन्दा अध्ययन सामग्री

# COVID-19 Pandemic and School Education in Nepal: A Select Reading List

**Version 1.0**

**February 25, 2021**

*संकलक*

**सन्जिला मोक्तान**

मार्टिन चौतारी

## परिचय

सन् २०१९ को अन्त्यतिर चीनको वुहानका मानिसमा नयाँ किसिमको कोरोना भाइरसको संक्रमण देखा पर्‍यो । सन् २०२० को शुरूदेखि यो भाइरस द्रुतगतिमा अन्यत्र पनि फैलिन थाल्यो । पछि कोभिड-१९ नाम दिइएको यो भाइरसले केही महिनामै वैश्विक महामारीको रूप लियो । एक व्यक्तिबाट अर्को व्यक्तिमा तुलनात्मक रूपले अरू भाइरसभन्दा चाँडो सर्ने यो रोगको उपचार विधि वा औषधी तत्काल पत्ता लागी नसकेको परिप्रेक्ष्यमा संक्रमणलाई फैलिन नदिन हात धुने र मास्कको प्रयोगमा जोड दिइयो । त्यसबाहेक, भाइरसको संक्रमण एक स्थानबाट अर्को स्थानमा नफैलियोस् भनेर व्यक्तिहरूको हिँडडुललाई नियन्त्रण गर्न नेपाल लगायत विश्वका धेरै मुलुकले "लक-डाउन" (बन्दाबन्दी) विधि अपनाए । धेरै मात्रामा प्रभावितदेखि भर्खरै संक्रमण देखिन थालेका अधिकांश देशहरूले मानिसहरूको भिडभाड हुने सबै किसिमका गतिविधि सञ्चालनमा तुरुन्तै प्रतिबन्ध लगाउने वा व्यक्ति व्यक्तिबीच भौतिक दुरी कायम राख्न कडा नीतिहरू अपनाउन थाले । यस क्रममा शैक्षिक संस्था, कार्यालय, मन्दिर, उद्योग-कलकारखानादेखि सामाजिक-सांस्कृतिक गतिविधिहरू गर्न रोक लगाइयो । दिन प्रतिदिन संक्रमण झन्झन् फैलँदै गएका कारण धेरै देशहरूमा यो अवस्था कयौँ हप्ता वा महिनौँसम्म कायम रह्यो । यी सबैका कारण समग्र जनजीवन सन् २०२० भरि नै प्रभावित भयो । शिक्षा क्षेत्र पनि कोभिड-१९ बाट नराम्ररीनै प्रभावित रह्यो । यसले शिक्षा क्षेत्रमा पारेको प्रभावका विभिन्न आयामबारे नेपाली सार्वजनिक वृत्तमा थुप्रै छलफल र बहस भएका छन् । तीमध्ये विद्यालय शिक्षाबारे नेपाली छापा र अनलाइन माध्यममा प्रकाशित महत्त्वपूर्ण सामग्रीहरू बटुलेर यो अध्ययन सामग्री तयार पारिएको हो ।

यस अध्ययन सामग्रीबाट नेपालको विद्यालय शिक्षा क्षेत्रमा कोभिड-१९ महामारीले ले के कस्तो र कसरी प्रभाव पार्‍यो, यसमा राज्यको भूमिका कस्तो रह्यो, नेपाली सञ्चार माध्यमले यी विषयवस्तुलाई कसरी प्रस्तुत गरे भनेर बुझ्न सकिन्छ ।

नेपाल सरकारले महामारीको उच्च जोखिमलाई ध्यान दिँदै शुरूमा चैत ६, २०७६ देखि चैत मसान्तसम्मका लागि विद्यालयदेखि विश्वविद्यालय तहसम्मका सबै शैक्षिक संस्था बन्द गर्ने निर्णय गरेको थियो । यसले गर्दा चैत ६ गतेबाट हुने भनिएको एसईई परीक्षा रोकियो । कोभिडको संक्रमण बढ्दै गएपछि सरकारले चैत ११, २०७६ देखि देशव्यापी लकडाउन गर्ने निर्णय गर्‍यो । तत्कालका लागि १५ दिनको लकडाउन घोषणा गरेपनि संक्रमण बढ्दै गएपछि पटक पटक लकडाउनको अवधि थपिएको थियो । जसले गर्दा वैशाख २०७७ बाट शुरू हुने नयाँ शैक्षिक सत्र पनि प्रभावित भयो ।

लकडाउन शुरू भएको तीन महिनासम्म पनि सरकारले वैकल्पिक कक्षा सञ्चालनको कुनै योजना तथा खाका ल्याउन सकेन । यद्यपि, धेरैजसो निजी विद्यालयले भने लकडाउनकै अवधिमा अनलाइन कक्षा सञ्चालन गरेर सिकाइ प्रणालीलाई निरन्तरता दिएका थिए । शुरू गरिएको तीन महिना जतिपछि लकडाउनलाई खुकुलो बनाउँदै लगेसँगै सरकारी तथा निजी कार्यालय, सवारी साधन र पसलहरू बिस्तारै खुल्दै गए । शैक्षिक संस्थाहरू भने कहिले खुलाउने भन्ने विषयमा लामो समय अलमल रह्यो । यो अवधिमा शिक्षा मन्त्रालयले "पर्ख र हेर" को रणनीति अवलम्बन गर्‍यो । सरकारले जेठ २०७७ को अन्तिमतिर वैकल्पिक प्रणालीबाट विद्यार्थीको सिकाइ सहजीकरण निर्देशिका ल्याएर विद्यालयको पठन पाठन सञ्चालन गर्ने बाटो खुलाएको थियो । त्यसपछि पनि विभिन्न निर्देशिकाहरू जारी गरेर वैकल्पिक पठनपाठनलाई निरन्तरता दिन निर्देशन दियो । त्यसैगरी, स्थानीय सरकारलाई स्थिति विश्लेषण गरी विद्यालय सञ्चालन गर्ने अधिकार दिइएको थियो । तालिका १ ले महामारीको समयमा शिक्षा मन्त्रालयले कुन-कुन मितिमा के-के निर्देशिका जारी गर्‍यो भन्नेबारे जानकारी दिन्छ ।

**तालिका १ : शिक्षा मन्त्रालयले महामारीको समयमा वैकल्पिक कक्षा सञ्चालन गर्न जारी गरेका निर्देशिका**

| जारी मिति | निर्देशिका |
|---|---|
| जेठ १८, २०७७ | वैकल्पिक प्रणालीबाट विद्यार्थीको सिकाइ सहजीकरण निर्देशिका-२०७७ |
| भदौ १९, २०७७ | विद्यार्थी सिकाइ सहजीकरण निर्देशिका-२०७७ |
| असोज १, २०७७ | सिकाइ सहजीकरण निर्देशिका-२०७७ |
| असोज ६, २०७७ | विद्यालय शिक्षासम्बन्धी आकस्मिक कार्ययोजना-२०७७ |
| कात्तिक २०, २०७७ | विद्यालय सञ्चालनसम्बन्धी कार्यढाँचा-२०७७ |

लकडाउन शुरू भएको तीन महिनापछि जेठ १८, २०७७ मा सरकारले "वैकल्पिक प्रणालीबाट विद्यार्थीको सिकाइ सहजीकरण निर्देशिका" जारी गरी असार १, २०७७ बाट अनलाइन, रेडियो, टेलिभिजन, प्रिन्ट र खुला शिक्षा माध्यमबाट सरकारी विद्यालयहरूमा पठनपाठन शुरू गर्न निर्देशन दियो । उक्त निर्देशिका अनुसार कुन निकायले के गर्दा महामारीको समयमा पनि पढाइलाई निरन्तरता दिन सकिन्छ त्यसको सहजीकरण गर्न संघ, प्रदेश र स्थानीय तहका सम्बन्धित निकायलाई शिक्षा मन्त्रालयले अनुरोध गरेको थियो । उक्त निर्देशिकापछि मात्र केही सामुदायिक विद्यालयहरूमा वैकल्पिक सिकाइ अभियानबाट पठनपाठन सुचारु भयो । यद्यपि अधिकांश सरकारी विद्यालयले आवश्यक पूर्वाधार एवं जनशक्ति तत्काल तयार पार्न नसकेका कारण वैकल्पिक विधि अपनाएर पठनपाठन सञ्चालन गर्न सकेनन् ।

त्यसैगरी, शिक्षा मन्त्रालयले भदौ १९, २०७७ मा "विद्यार्थी सिकाइ सहजीकरण निर्देशिका" जारी गऱ्यो । यस निर्देशिकाले महामारीको कारणले प्रभावित भएको पठनपाठनलाई निरन्तरता दिन रेडियो, टेलिभिजन, अनलाइन, दूर तथा खुला शिक्षा लगायतका माध्यमबाट अध्ययन अध्यापनलाई सुचारू राख्न निर्देशन दिएको थियो । यसले पनि वैकल्पिक सिकाइ अभियानलाई खासै मद्दत गरेन । यसपछि शिक्षा मन्त्रालयले असोज १, २०७७ मा "सिकाइ सहजीकरण निर्देशिका" जारी गऱ्यो । यस निर्देशिकाले वैकल्पिक सिकाइ प्रणालीलाई शैक्षिक सत्रको मान्यता दिने र निजी विद्यालयले अनलाइनबाट विद्यार्थीलाई सिकाइसँग जोडेकाले शुल्क लिन पाउने लगायतका व्यवस्थाहरू गऱ्यो । वैकल्पिक सिकाइ अभियान प्रभावकारी नभएपछि सरकारले पुनः असोज ६, २०७७ मा "विद्यालय शिक्षासम्बन्धी आकस्मिक कार्ययोजना" जारी गऱ्यो । यो कार्ययोजनाले असोजको दोस्रो सातामित्र सबै स्थानीय तहहरूलाई पठनपाठनको योजना तयार गर्न निर्देशन दिएको थियो । यसपछि कात्तिक २०, २०७७ मा "विद्यालय सञ्चालनसम्बन्धी कार्यढाँचा" सार्वजनिक गरी स्थानीय सरकारले जोखिम मूल्यांकन गरी विद्यालय खोल्न सक्ने अधिकार दियो । त्यसपछि भने अधिकांश विद्यालयले आलोपालो प्रणालीबाट विद्यार्थीहरूको भौतिक उपस्थितिमा कक्षा सञ्चालन गर्न थाले । तथापि शिक्षक र विद्यार्थीहरूमा कोभिड-१९ को संक्रमण बढ्दै जाँदा विद्यालयहरू पुनः धमाधम बन्द भएका थिए । यी विषयवस्तुबारे थप र विस्तृत सामग्री कोभिड-१९ महामारी र विद्यालय शिक्षा सम्बन्धी तयार पारिएको सन्दर्भ सामग्रीमा हेर्न सकिनेछ ।[१] उक्त सन्दर्भ सामग्रीमा कोभिडले विद्यालय शिक्षा क्षेत्रमा पारेको प्रभावका विभिन्न पक्षबारे नेपालका छापा र अनलाइन माध्यममा प्रकाशित सामग्रीहरू सूचीबद्ध गरिएको छ ।

यो अध्ययन सामग्री तयार पार्नुको उद्देश्य विद्यालय शिक्षामा कोभिड-१९ को प्रभावबारे नेपाली सञ्चार माध्यमको प्रस्तुति के कस्तो थियो र सार्वजनिक वृत्तमा यसबारे के कस्ता बहस भए भन्ने जानकारी सहित समग्रमा विद्यालय शिक्षा क्षेत्रमा परेको प्रभावका विभिन्न पक्षबारे बुझाउनु हो ।

[१] हेर्नुहोस्, http://www.martinchautari.org.np/files/bibliography/Covid-19-Pandemic-and-School-Education-in-Nepal-Bibliography-CBS2021-1.pdf

यो अध्ययन सामग्रीलाई "महामारीमा विद्यालय शिक्षा र केन्द्र सरकार," "महामारीमा विद्यालय शिक्षा र स्थानीय सरकार," "वैकल्पिक शिक्षा र असमानताको आयाम," "अनलाइन कक्षा, शुल्क र निजी विद्यालयको विवाद," "सरकारी (सामुदायिक) विद्यालय, शिक्षक र वैकल्पिक कक्षा," "लकडाउन, एसईई परीक्षा र नतिजा मूल्यांकन," "विद्यालय भवनमा क्वारेन्टाइन र आइसोलेसन" र "अन्य" गरी आठ शीर्षकमा बाँडेर प्रस्तुत गरिएको छ । अध्ययन सामग्रीको सूची संकलनका लागि फागुन १८, २०७६ (मार्च १, २०२०) देखि पुस १६, २०७७ (डिसेम्बर ३१, २०२०) सम्म नेपालका विभिन्न दैनिक पत्रपत्रिका, अनलाइन र म्यागेजिनमा कोभिड-१९ र विद्यालय शिक्षासम्बन्धी प्रकाशित लेख, समाचार, टिप्पणी र सम्पादकीय हेरिएको थियो । हेरिएका पत्रपत्रिकामा *कान्तिपुर, नयाँ पत्रिका, नागरिक, अन्नपूर्ण पोस्ट, द काठमाडौँ पोष्ट, गोरखापत्र, द राइजिङ नेपाल, नेपाल*प्रमुख छन् । त्यस्तै, अनलाइनहरूमा *हिमालखबर*, *सेतोपाटी*, *अनलाइनखबर*, *एडुखबर*, *एजुकेशनपाटी* र *शिक्षापत्र* प्रमुख छन् ।

## महामारीमा विद्यालय शिक्षा र केन्द्र सरकार

महामारीको समयमा केन्द्र सरकारले विद्यालय शिक्षामा प्रभावकारी रूपमा काम गर्न नसकेको भनी धेरै टीकाटिप्पणी भएका छन् । लकडाउन भएको तीन महिनासम्म शिक्षा मन्त्रालयले पठनपाठन सञ्चालन बारेमा कुनै ठोस निर्णय गर्न सकेन । त्यसैगरी, त्यससमयमा शिक्षा मन्त्रालयको भूमिका व्यावहारिक रूपमा समस्या समाधानका लागि अग्रसरता लिनेभन्दा पनि निर्देशन जारी गरेर चुपचाप बस्ने खालको देखिन्छ । संघ, प्रदेश र स्थानीय तहलाई मन्त्रालयले विद्यालयमा वैकल्पिक कक्षा सञ्चालन गर्न निर्देशन त दियो तर वस्तुस्थितिको विश्लेषण नगरी देश भरी एकै खालको निर्देशिका जारी गर्दा त्यो व्यावहारिक हुन सकेन । कोरोनाबाट अति प्रभावित र सामान्य प्रभाव समेत नदेखिएका दुवै किसिमका क्षेत्रमा उही निर्देशिकाहरू जारी गर्दा विद्यार्थी, शिक्षक तथा अभिभावकहरूमा कक्षा सञ्चालन बारेमा अन्योल देखिनुका साथै मनोवैज्ञानिक त्रास उत्पन्न भयो । जेठ १८, २०७७ मा वैकल्पिक माध्यमबाट सिकाइ सहजीकरण निर्देशिका ल्याएर असार १, २०७७ बाट मात्रै शिक्षा मन्त्रालयले विद्यालयमा नियमित पठनपाठन नभएसम्म आफ्नो परिवेश अनुकूल वैकल्पिक माध्यमबाट सिकाइ प्रक्रिया अगाडि बढाउन व्यवस्था गरेको थियो । त्यस क्रममा विद्यार्थीलाई पाँच ओटा वर्ग—रेडियो, टेलिभिजन, कम्प्युटर, अनलाइन र कुनै पनि प्रविधिमा पहुँच नहुने—मा विभाजन गरेर दूर तथा खुला शिक्षा मार्फत कक्षा सञ्चालन गर्न व्यवस्था गरेको थियो । शैक्षिक सत्र शुरू गर्ने नभई तत्काललाई सिकाइ र शैक्षिक गतिविधिलाई निरन्तरता दिन उक्त निर्देशिका ल्याइएको थियो । त्यसपछि मात्रै ठाउँ ठाउँमा सामुदायिक विद्यालय सञ्चालन भएका थिए । त्यसैगरी, भदौ १९, २०७७ मा वैकल्पिक प्रणालीको सिकाइलाई शैक्षिकसत्रमा गणना गराउने गरी नयाँ "विद्यार्थी सिकाइ सहजीकरण निर्देशिका" जारी भयो । तर मन्त्रालयको वैकल्पिक शिक्षा अभियान प्रभावकारी नभएपछि कात्तिक २०, २०७७ मा विद्यालय सञ्चालन सम्बन्धी कार्यढाँचा तयार पारेर वस्तुस्थिति हेरेर विद्यालय खोल्ने अथवा वैकल्पिक विधिको प्रयोग गरेर पढाइ सञ्चालन गर्ने पूर्ण अधिकार स्थानीय तहलाई दिइयो । यसमा शिक्षा मन्त्रालय संयोजनकारी भूमिकामा थियो । विद्यालय खोल्ने अधिकार सम्बन्धित पालिकालाई भए पनि त्यसमा जिल्ला प्रशासन कार्यालयले हस्तक्षेप गरेको थियो । कतिपय ठाउँमा विद्यालय सञ्चालनबारे स्थानीय निकाय र जिल्ला प्रशासन कार्यालयबीच तालमेल मिल्न सकेन । यस्तोमा शिक्षा मन्त्रालयले संयोजनकारी भूमिका निर्वाह गर्न सकेन । यी विषय छापा तथा अनलाइनमा प्रकाशित निम्न सामग्रीहरूले प्राथमिकता साथ उठाएका छन् :

अनलाइनखबर । २०७७ । शिक्षा मन्त्रालयको अन्योलले विद्यार्थी मारमा । वैशाख २४ । https://www.onlinekhabar.com/2020/05/861296 मा उपलब्ध; वैशाख २४, २०७७ मा हेरिएको ।

अनलाइनखबर । २०७७ । विद्यालय सञ्चालनमा शिक्षा मन्त्रालयको भाँजो ! असोज १४ । https://www.onlinekhabar.com/2020/09/899964 मा उपलब्ध; असोज १४, २०७७ मा हेरिएको ।

अन्नपूर्ण पोस्ट । २०७७ । विकल्पहीन पढाइको सार्थकता (सम्पादकीय) । असार ३ । http://annapurnapost.com/news/158887 मा उपलब्ध; असार ३, २०७७ मा हेरिएको ।

अन्नपूर्ण पोस्ट । २०७७ । अलमलमा शिक्षा (सम्पादकीय) । साउन १ । http://annapurnapost.com/news/161361 मा उपलब्ध; साउन १, २०७७ मा हेरिएको ।

एडुखबर । २०७७ । पठनपाठन शुरू गर्न निर्देशिका जारी, आफ्नो विद्यालय बाहिरका विद्यार्थीलाई पनि शिक्षकले सहजीकरण गर्नु पर्ने । जेठ १९ । https://www.edukhabar.com/news/14734 मा उपलब्ध; पुस ५, २०७७ मा हेरिएको ।

कान्तिपुर । २०७७ । शिक्षा मन्त्रालयले ल्यायो शिक्षा सम्बन्धी आकस्मिक कार्ययोजना । असोज ७ । https://ekantipur.com/news/2020/09/22/160077756578425451.html मा उपलब्ध; असोज ७, २०७७ मा हेरिएको ।

कैनी, सुदीप । २०७७ । भर्चुअल कक्षामा प्रदेशको प्राथमिकता । *कान्तिपुर,* असार ४ । https://ekantipur.com/news/2020/06/18/159245079745157168.html मा उपलब्ध; असार ४, २०७७ मा हेरिएको ।

कोइराला, विद्यानाथ । २०७७ । अनलाइन शिक्षामा रोक : क्रान्तिकारी सरकारको थोत्रो बुद्धि । *हिमालखबर,* जेठ १३ । www.himalkhabar.com/news/114439 मा उपलब्ध; जेठ १४, २०७७ मा हेरिएको ।

पोखरेल, गिरिराजमणि । २०७७ । यस कारण वैकल्पिक सिकाइ प्रणाली । *कान्तिपुर,* असार ३ । https://ekantipur.com/opinion/2020/06/17/159236593313139216.html मा उपलब्ध; असार ३, २०७७ मा हेरिएको ।

रासस । २०७७ । वैकल्पिक प्रणालीबाट सिकाइ सहजीकरणका लागि नयाँ निर्देशिका । भदौ २५ । https://gorkhapatraonline.com/education/2020-09-10-22347 मा उपलब्ध; भदौ २५, २०७७ मा हेरिएको ।

## महामारीमा विद्यालय शिक्षा र स्थानीय सरकार

कानूनतः माध्यमिक तहसम्मको शिक्षाको व्यवस्थापकीय अधिकार स्थानीय तहलाई दिइएको छ । यस अधिकारमाथि हस्तक्षेप गर्दै आएको शिक्षा मन्त्रालयले महामारीको समयमा भने विद्यालय खोल्ने वा नखोल्ने सम्बन्धमा निर्णय गर्ने पूर्ण अधिकार स्थानीय तहलाई दियो । संघीय सरकारले सञ्चालन गरेको वैकल्पिक सिकाइ अभियान प्रभावहीन भएपछि अन्ततः स्थानीय तहले नै आवश्यक निर्णय लिन सक्ने गरी कात्तिक २०, २०७७ मा विद्यालय सञ्चालनसम्बन्धी कार्यढाँचा जारी गऱ्यो । सरकारको यो कदमलाई सार्वजनिक वृत्तमा सकारात्मक रूपमा लिइयो । किनभने स्थानीय क्षेत्रको वस्तुस्थितिबारे बढी जानकारी स्थानीय तहलाई नै हुने हुँदा विद्यालय खोल्ने र नखोल्ने अधिकार स्थानीय तहलाई दिइनु उपयुक्त थियो । यो अधिकारलाई स्थानीय सरकारले अवसरको रूपमा लिनुपर्ने सुझाव मिडियामा प्रकाशित सामग्रीमा देख्न सकिन्छ । कतिपयले भने शिक्षा मन्त्रालयले आफूले केही गर्न नसकेपछि बाध्य भएर कक्षा सञ्चालन गर्ने जिम्मेवारी स्थानीय सरकारलाई सुम्पेको अर्थ लगाए । विद्यालय, प्रविधिको पहुँच र संक्रमणको अवस्थालाई ध्यान दिई

स्थानीय सरकारको सहजीकरणमा विभिन्न ठाउँमा वैकल्पिक माध्यमबाट पठनपाठन सञ्चालन भयो । कतिपय ठाउँमा विद्यालय सञ्चालनमा स्थानीय सरकारको भूमिका प्रभावकारी रहेको भनी प्रशंसा पनि भयो । तथापि स्थानीय तहको निर्णयका आधारमा विद्यालय खोल्ने प्रयासमा जिल्ला प्रशासन कार्यालयहरू (संघीय सरकारको प्रतिनिधित्व गर्ने स्थानीय एकाइ) ले हस्तक्षेप गरे । गाउँपालिका/नगरपालिकाले जोखिम कम भएको ठाउँमा विद्यालय प्रशासन, विद्यार्थी तथा अभिभावकको सल्लाह र सहमतिमा स्वास्थ्य मापदण्ड पूरा गरेर विद्यालय खोल्ने तयारी थालेका भए पनि जिल्ला प्रशासन कार्यालयले महामारीको संक्रमण कायमै रहेकाले धमाधम विद्यालय खोल्न नहुने भन्दै रोक लगाएका थिए । यसले गर्दा स्थानीय वस्तुस्थितिको विश्लेषण गरेर विद्यालय खोल्न पाउने स्थानीय तहको अधिकार कुण्ठित हुन पुग्यो । केन्द्र र स्थानीय तहबीच समन्वयको अभावले कक्षा सञ्चालन प्रक्रियामा अन्योलको अवस्था सिर्जना भएको थियो । यी र यस्तै विषयमा तलका सामग्रीले प्रकाश पारेका छन् :


अधिकारी, अदीति । २०७७ । शिक्षा-संकट : स्थानीय सरकारका लागि मौका । *नयाँ पत्रिका*, जेठ ५ । https://www.nayapatrikadaily. com/news-details/43552/2020-05-18 मा उपलब्ध; जेठ ५, २०७७ मा हेरिएको ।

एडुखबर । २०७७ । वैकल्पिक सिकाइका लागि स्थानीय सरकारलाई २४ करोड, विद्यालय संख्याको आधारमा रकम पाउने । जेठ ३२ । www.edukhabar.com/news/14767 मा उपलब्ध; असार २, २०७७ मा हेरिएको ।

कान्तिपुर । २०७७ । जोखिमकै बीच विद्यालय खुल्दै । मंसिर १७ । https://ekantipur.com/news/2020/12/02/160687696730685853.html मा उपलब्ध; मंसिर १७, २०७७ मा हेरिएको ।

कैनी, सुदीप । २०७७ । कक्षा सञ्चालनको जिम्मा पालिकालाई । *कान्तिपुर*, भदौ २६ । https://ekantipur.com/news/2020/09/11/1599788940689748.html मा उपलब्ध, भदौ २६, २०७७ मा हेरिएको ।

गौतम, भवानीश्वर । २०७७ । महामारीमा विद्यालय सञ्चालनसम्बन्धी कार्यढाँचा जारी : स्थानीय सरकारले नै खोल्न र बन्द गर्न सक्ने । *नयाँ पत्रिका*, मंसिर ३ । ww.nayapatrikadaily.com/news-details/54941/2020-11-18 मा उपलब्ध; मंसिर ३, २०७७ मा हेरिएको ।

प्रजापति, सुनिल । २०७७ । प्रदेशले भर्ना खुला गर भन्ने संघले नगर भन्ने, हामीले के गर्ने ? *एजुकेशनपाटी,* जेठ २४ । https://educationpati.com/samundrasetuschool1/ मा उपलब्ध; भदौ ३, २०७७ मा हेरिएको ।

राई, नुनुता । २०७७ । स्थानीय तह विद्यालय खोल्ने, जिल्ला प्रशासन बन्द गराउने । *हिमालखबर*, असोज १२ । www.himalkhabar.com/news/118863 मा उपलब्ध; असोज १२, २०७७ मा हेरिएको ।

रासस । २०७७ । सूचना तथा प्रविधिमैत्री शैक्षिक कार्यक्रम ल्याउँदै स्थानीय तह । *गोरखापत्र*, असार ७ । https://gorkhapatraonline.com/education/2020-06-21-16936 मा उपलब्ध; असार ७, २०७७ मा हेरिएको ।

रासस । २०७७ । शिक्षक विद्यार्थीमा सङ्क्रमण देखिएपछि विद्यालय बन्द । *गोरखापत्र*, मंसिर २९ । https://gorkhapatraonline.com/education/2020-12-14-28271 मा उपलब्ध; मंसिर ३०, २०७७ मा हेरिएको ।

रासस । २०७७ । जोखिम कायमै छ, विद्यालय पुनःसञ्चालन नगर्नुस् । पुस ३ । https://gorkhapatraonline.com/education/2020-12-18-28573 मा उपलब्ध; पुस ३, २०७७ मा हेरिएको ।

## वैकल्पिक शिक्षा र असमानताका आयाम

लकडाउन भएको तीन महिनापछि असार १, २०७७ बाट सरकारले वैकल्पिक माध्यमबाट पठनपाठन प्रक्रियालाई निरन्तरता दियो। शिक्षा मन्त्रालयले विद्यार्थीलाई प्रविधिका कुनै पनि साधनमा पहुँच नभएका, अनलाइन, रेडियो, टेलिभिजन र इन्टरनेटको पहुँचमा भएका गरी पाँच समूहमा वर्गीकरण गरी कक्षा सञ्चालन गरेको थियो। त्यसैगरी, लकडाउन भएको केही समयमै निजी विद्यालयहरूले अनलाइन कक्षा र अनलाइन कक्षामा पहुँच नभएकाहरूको लागि दूर शिक्षाबाट पठनपाठन प्रक्रियालाई निरन्तरता दिएका थिए। कोभिड-१९ र विद्यालय शिक्षासम्बन्धी बहसमा धेरैजसो “डिजिटल असमानता” अर्थात् अनलाइन कक्षाले सिर्जना गरेको असमानताका सवाल उठेका छन्। त्यसमा विद्यार्थीहरूलाई अनलाइन शिक्षामा पहुँच हुने र नहुने गरी दुई वर्गमा विभाजित भएका सवालले प्राथमिकता पाएका छन्। ती बहसमा अनलाइन कक्षालाई लिएर वर्ग, जातीय, क्षेत्रीय, लैङ्गिक असमानतालाई ध्यानमा राखेर प्राय: टीकाटिप्पणी भएका छन्। सार्वजनिक वृत्तमा भएका बहस अनुसार अनलाइन कक्षा निजी विद्यालयमा पढ्ने, शहरी, उच्च र मध्यम वर्गको मात्रै पहुँचमा रहेको देखियो। सरकारी विद्यालयका विद्यार्थी, गाउँले तथा निम्न वर्गीय पृष्ठभूमि भएकाहरूले अनलाइन कक्षामा पहुँच पाएनन्। त्यस्तै, पुरुषभन्दा महिलाको उपस्थिति अनलाइन कक्षामा घटेको दृष्टान्त सहित अनलाइन पठनपाठनले लैङ्गिक असमानता ल्याएको तर्क मिडियामा प्रकाशित सामग्रीमा पाइन्छ। त्योभन्दा पनि अनलाइन कक्षाले निजी र सरकारी विद्यालयबीच विभेदको झन् ठूलो खाडल बन्न पुगेको सवाल प्रमुख रूपमा उठेका छन्। त्यसैले अनलाइन कक्षा बारेका बहसमा आशावादी तर्क कम र त्यसले निम्त्याएको वर्ग विभाजन र सामाजिक असमानताबारेका सवाल बढी उठेका छन्। त्यसैगरी, नेपालको सन्दर्भमा अनलाइन कक्षाको सम्भाव्यता, व्यावहारिकता र औचित्यबारे पनि मिडियामा धेरै बहस भएका देखिन्छन्। देखासिकीको भरमा अनलाइन कक्षा सञ्चालन गरिएको, अनलाइन कक्षाका लागि उपयुक्त पाठ्यक्रम नभएको तथा यसका लागि शिक्षकहरूमा आवश्यक सीपको अभाव रहेको आदि कारणले अनलाइन कक्षा प्रभावकारी भएनन् भन्ने तर्क प्रकाशित सामग्रीमा पाइन्छ। विद्यार्थीको सिकाइ वा पठनपाठनलाई निरन्तरता दिनेभन्दा पनि गृहकार्य मात्रै दिन अनलाइन कक्षा सञ्चालन गरिएको जस्तो देखिन्थ्यो। केटाकेटीलाई मोबाइल र ट्याब जस्ता विद्युतीय उपकरणहरूबाट कसरी टाढा राख्ने भनेर बहस भइरहेका बेला अनलाइन कक्षाले उनीहरूलाई त्यस्ता उपकरणसँग झन् नजिक गराइदिएको थियो। यसबाट अभिभावकले थप हैरानी व्यहोर्नु परेको विचार सार्वजनिक भएका छन्। कतिले भने महामारी र परिवर्तनशील समयमा अनलाइन कक्षा नै एकमात्र विकल्प भएकाले यसैमा जोड दिनुपर्ने सवाल उठाएका छन्। वैकल्पिक शिक्षा र असमानताका आयामलाई उजागर गरिएका प्रतिनिधिमूलक सामग्री यहाँ दिइएका छन् :


अधिकारी, समिक्षा। २०७७। तयारी बिनाका अनलाइन कक्षाले जन्माएका पाँच प्रश्न। *सेतोपाटी,* जेठ १२। www.setopati.com/social/207146 मा उपलब्ध; जेठ १२, २०७७ मा हेरिएको।

खड्का, सृजना। २०७७। इन्टरनेट न ल्यापटप अनलाइन शिक्षाको गफ ! *अन्नपूर्ण सम्पूर्ण*, वैशाख २५–३१। https://sampurnaweekly.com/news/3402 मा उपलब्ध; जेठ २, २०७७ मा हेरिएको।

गौतम, भवानीश्वर। २०७७। अपांगता भएका ७० हजार विद्यार्थीलाई वैकल्पिक अध्ययनमा सहभागी हुनै समस्या। *नयाँ पत्रिका,* पुस २। https://www.nayapatrikadaily.com/news-details/56736/2020-12-17 मा उपलब्ध; पुस २, २०७७ मा हेरिएको।

भट्टराई, देवेन्द्र। २०७७। अनलाइन पढाइ अर्थात् अर्को वर्ग–विभाजन। *कान्तिपुर,* वैशाख २३। https://ekantipur.com/bibidha/2020/05/05/158866449652188012.html मा उपलब्ध; वैशाख २३, २०७७ मा हेरिएको।

राई, नुनुता । २०७७ । प्रविधिमा असमान पहुँच : विद्यार्थीको ठूलो संख्या पढाइबाट वञ्चित । *हिमालखबर*, असार ३१ । www.himalkhabar.com/news/115982 मा उपलब्ध; असार ३१, २०७७ मा हेरिएको ।

रासस । २०७७ । वैकल्पिक प्रणालीमा ६४ प्रतिशत विद्यार्थीको सिकाइ प्रभावहीन : अध्ययन । *गोरखापत्र*, मंसिर १४ । https://gorkhapatraonline.com/education/2020-11-29-27363 मा उपलब्ध; मंसिर १४, २०७७ मा हेरिएको ।

रौनियार, रूबी । २०७७ । शिक्षामा वैकल्पिक सिकाइ, निजी खुसी, सामुदायिक दुःखी । *नागरिक,* जेठ २६ । https://nagariknews.nagariknetwork.com/education/234551-1591583307.html मा उपलब्ध; जेठ ३१, २०७७ मा हेरिएको ।

विक, नवीन शिशिर । २०७७ । सहरमा अनलाइन कक्षा, गाउँमा टोल शिक्षा । *गोरखापत्र*, साउन २८ । https://gorkhapatraonline.com/mustread/2020-08-12-20337 मा उपलब्ध; साउन २८, २०७७ मा हेरिएको ।

शर्मा, नम्रता । २०७७ । आधा किशोरी विद्यालय नफर्कने जोखिममा । *कान्तिपुर*, साउन २५ । https://ekantipur.com/opinion/2020/08/09/1596947209435705 5.html मा उपलब्ध; साउन २५, २०७७ मा हेरिएको ।

The Kathmandu Post. 2020. The Digital Divide (Editorial). May 28. Available at https://kathmandupost.com/editorial/2020/05/27/the-digital-divide; accessed December 19, 2020.

## अनलाइन कक्षा, शुल्क र निजी विद्यालयको विवाद

लकडाउन शुरू भएको एक महिनापछि नै वैशाखबाट निजी विद्यालयहरूले अनलाइन कक्षामार्फत पठनपाठनलाई निरन्तरता दिए । लकडाउनको समयमा अनलाइनबाट पढाएको भन्दै काठमाडौं उपत्यकाका केही निजी विद्यालयले अभिभावकहरूसँग शुल्क माग्न थाले पछि विवाद उत्पन्न भएको थियो । त्यसपछि, शिक्षा मन्त्रालयले वैशाख २३, २०७७ मा कोरोना महामारीको राम्रोसँग आकलन नगरी विद्यार्थीको परीक्षा र भर्ना नगर्न, शुल्क नलिन तथा औपचारिक रूपमा पठन पाठन नगर्न निजी विद्यालयलाई निर्देशन दिएको थियो । पछि, शिक्षा मन्त्रालयले असार १, २०७७ देखि वैकल्पिक प्रणालीबाट विद्यार्थीको सिकाइ सहजीकरण निर्देशिका जारी गरेर वैकल्पिक विधिको रूपमा अनलाइन, टिभी, रेडियो, प्रिन्ट र घरघरमा पुगेर शिक्षा सञ्चालन गर्नसक्ने वातावरण बनाएको थियो । उक्त निर्देशिकाले निजी विद्यालयलाई अनलाइन तथा दूर शिक्षाबाट कक्षा सञ्चालन गर्न सहज बनाइदियो । त्यसपछि निजी विद्यालयलाई अनलाइनको पहुँच भएको ठाउँमा अनलाइन र अनलाइनको पहुँच नभएको ठाउँमा टिभी, रेडियो जस्ता दूर शिक्षाको प्रयोग गरी कक्षा सञ्चालन गर्न बाटो खुल्यो । साथै, आफूले अनलाइन र दूर शिक्षाको माध्यमबाट पठनपाठन गरिरहेको भन्दै निजी विद्यालयले भर्ना र लकडाउन शुरू भएदेखिकै मासिक शुल्क बुझाउन अभिभावकलाई ताकेता गर्न थाले । प्याब्सन र एन-प्याब्सन (राष्ट्रिय निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन नेपाल) ले असार ७ , २०७७ मा शुल्क भुक्तानीका लागि अपिल जारी गर्यो । त्यसपछि फेरि त्यसको व्यापक आलोचना भयो । निजी विद्यालयले शुल्क उठाउने कदम चालेपछि अभिभावक, विद्यार्थी संगठनहरू र आमनागरिकले त्यसको विरोध गरे । उसै पनि अनलाइन कक्षा विद्यार्थीका लागि प्रभावकारी नभएको तथा यो झन्झटिलो र सबैको पहुँचमा नरहेकोले अनलाइन कक्षालाई निरन्तरता दिने कि नदिने भन्ने बारेमा बहस भइरहेको थियो । असार ८, २०७७ मा शिक्षा मन्त्रालयले आफूखुसी शुल्क नलिन निजी विद्यालयहरूलाई पुनः निर्देशन दियो । त्यसपछि भने निजी विद्यालयका शिक्षकहरूले आन्दोलन तथा आत्मदाह गर्नेसम्मका चेतावनी दिएका थिए । लामो समयदेखि विद्यालय बन्द हुँदा निजी विद्यालयमा पढाउने लाखौँ शिक्षकहरू बेरोजगार भए । निजी

विद्यालयले महामारीको समयमा सरकार अभिभावक बन्न नसकेको गुनासो गरेका थिए । उनीहरूले वैशाखदेखिको शिक्षकको तलब सरकारले व्यहोर्नुपर्ने माग समेत राखेका थिए । पुनः असार ८, २०७७ मा शिक्षा मन्त्रालयले आफूखुसी शुल्क नलिन निजी विद्यालयहरूलाई निर्देशन दियो । जसले गर्दा महामारीको समयमा निजी विद्यालयको औचित्य र शुल्क उठाउन पाउने नपाउने विषयमा लामो बहस भयो । पछि सरकारले भदौ १९, २०७७ मा विद्यार्थी सिकाइ सहजीकरण निर्देशिका निकालेर वैकल्पिक पठन पाठनलाई नै शैक्षिक सत्रको मान्यता दिने र निजी विद्यालयहरूले त्यसरी पठनपाठन गरेबापतको शुल्क लिन पाउने प्रावधान ल्यायो । उल्लिखित विषयमा प्रकाशित भएकामध्ये छानिएका केही सामग्रीको सूची यस प्रकार छ :


अधिकारी, समिक्षा । २०७७ । अहिले स्कूलले शुल्क मागे नतिर्नू । *सेतोपाटी,* जेठ ८ । www.setopati.com/politics/206879? मा उपलब्ध; जेठ ८, २०७७ मा हेरिएको ।

अनलाइनखबर । २०७७ । विद्यालय सञ्चालकको गुनासो - महामारीका बेला सरकार अभिभावक बन्न सकेन । असार १० । www.onlinekhabar.com/2020/06/875901 मा उपलब्ध; असार १०, २०७७ मा हेरिएको ।

अनलाइनखबर । २०७७ । अनलाइन कक्षाको शुल्क लिन बोर्डिङ स्कूललाई सरकारको अनुमति । भदौ २५ । www.onlinekhabar.com/2020/09/895311 मा उपलब्ध; भदौ २५, २०७७ मा हेरियो ।

अन्नपूर्ण पोस्ट् । २०७७ । विद्यालयको शुल्क व्यवस्थापन । असोज ५ । http://annapurnapost.com/news/166715 मा उपलब्ध; असोज ५, २०७७ मा हेरिएको ।

कैनी, सुदीप । २०७७ । लकडाउनमा शुल्क बुझाउन ताकेता । *कान्तिपुर*, जेठ ८ । https://ekantipur.com/news/2020/05/21/159003370302155426.html जेठ ८, २०७७ मा हेरिएको ।

पाण्डे, सूर्यप्रसाद । २०७७ । निजी विद्यालय : विद्यार्थी अलमल्याउँदै, शुल्क असुल्दै । *अन्नपूर्ण पोस्ट्*, असोज ४ । http://annapurnapost.com/news/166640 मा उपलब्ध; असोज ४, २०७७ मा हेरिएको ।

भुसाल, प्रेमनारायण । २०७७ । शिक्षकप्रति सरकारको दायित्व छैन ? *अन्नपूर्ण पोस्ट्*, साउन २ । http://annapurnapost.com/news/161436 मा उपलब्ध; साउन २, २०७७ मा हेरिएको ।

मगर, सन्त गाहा । २०७७ । विद्यालयमा झार उम्रियो, २२ सय निजी विद्यालय बन्द हुने ! *अनलाइनखबर*, भदौ १९ । www.onlinekhabar.com/2020/09/894122 मा उपलब्ध; भदौ २२, २०७७ मा हेरिएको ।

ज्ञवाली, हरि । २०७७ । प्याब्सन आन्दोलनको तरंग र समाधान । *सेतोपाटी*, साउन ४ । www.setopati.com/blog/211654 मा उपलब्ध; साउन ४, २०७७ मा हेरिएको ।

Ghimire, Binod. 2020. Private Schools Threaten to Discontinue Online Classes if they are not Allowed to Charge Tuition Fees. *The Kathmandu Post,* July 2. Available at https://kathmandupost.com/national/2020/07/02/private-schools-threaten-to-discontinue-online-classes-if-they-are-not-allowed-to-charge-tuition-fees; accessed July 2, 2020.

## सरकारी (सामुदायिक) विद्यालय, शिक्षक र वैकल्पिक कक्षा

लकडाउन भएको करिब तीन महिनासम्म सामुदायिक विद्यालयहरूले कक्षा सञ्चालन गर्न सकेनन् । उनीहरू कक्षा सञ्चालनको विकल्प नसोची शिक्षा मन्त्रालयको निर्देशनलाई पर्खी रहे । सरकारले जेठ १८, २०७७ बाट वैकल्पिक सिकाइ सहजीकरण निर्देशिका जारी गरेर असार १ बाट कक्षा सञ्चालन गर्न निर्देशन दिए पनि सामुदायिक विद्यालयहरूले वैकल्पिक शिक्षण विधिलाई समेत पछ्याउन सकेनन् । अनलाइन तथा दूर शिक्षा मार्फत कक्षा सञ्चालन गर्ने भनिए पनि यसको प्रयोग र प्रभावकारिताका हिसाबले सामुदायिक विद्यालय निजी विद्यालयभन्दा निकै पछि परे । एकतिर त्यसका लागि अधिकांश सामुदायिक विद्यालयहरूले आवश्यक भौतिक पूर्वाधार र प्राविधिक सीप सहितको जनशक्ति नै समयमा तयार पार्न सकेनन् । अर्कोतिर अनलाइन तथा दूर शिक्षा मार्फत सञ्चालन भइरहेका कक्षामा विद्यार्थीलाई सहभागी गराउन र त्यसको प्रभावकारिता बढाउन आवश्यक क्रियाशीलता पनि सामुदायिक विद्यालयका शिक्षक तथा व्यवस्थापकहरूमा देखिएन ।

कात्तिक २०, २०७७ मा विद्यालय सञ्चालन सम्बन्धी कार्य ढाँचा जारी गरी स्थानीय तहलाई विद्यालय खोल्ने अधिकार दिएपछि भने अधिकांश सामुदायिक विद्यालयमा आलोपालो प्रणालीबाट कक्षा सञ्चालन गर्न थालियो । तर पनि धेरै स्थानीय तहहरू र सम्बन्धित जिल्ला प्रशासन कार्यालयहरू बीच समन्वयको अभावमा विद्यालयहरू खुल्ने र फेरि बन्द हुने प्रक्रिया चलिरह्यो । यी सबै कारणहरूले गर्दा लामो समयसम्म सामुदायिक विद्यालयका विद्यार्थी कक्षा लिनबाट बञ्चित रहे । त्यस्तै, सबै शिक्षकहरू वैकल्पिक शिक्षा अभियानमा जोडिन सकेनन् । तर शिक्षकहरूले भने आफूहरूलाई परिचालन गर्ने राज्यको नीति तथा कार्यक्रम प्रस्ट नभएकोले महामारीको समयमा काम गर्न नसकेको बताएका छन् । यस्ता विषयवस्तुबारे थप जानकारीका लागि निम्न अध्ययन सामग्रीहरू उपयोगी छन् :

ओली, ताराप्रसाद । २०७७ । शिक्षकको हाजिरीमाथिको राजनीति : काहीँ नभएको जात्रा हाँडीगाउँमा । *अनलाइनखबर*, भदौ ४ । www.onlinekhabar.com/2020/08/890677 मा उपलब्ध; भदौ ४, २०७७ मा हेरिएको ।

एडुखबर । २०७७ । शिक्षकलाई तत्काल शैक्षिक गतिविधिमा संलग्न गराऊ (सम्पादकीय) । भदौ ५ । www.edukhabar.com/news/14900 मा उपलब्ध; भदौ ९, २०७७ मा हेरिएको ।

कैनी, सुदीप । २०७७ । शिक्षक सक्रिय नहुँदा वैकल्पिक कक्षा प्रभावहीन । *कान्तिपुर*, भदौ २ । https://ekantipur.com/news/2020/08/18/159771736539144350.html मा उपलब्ध; भदौ २, २०७७ मा हेरिएको ।

गौतम, भवानीश्वर । २०७७ । आधा विद्यार्थी फर्किने अनिश्चित, संकटमा उपत्यकाका सामुदायिक विद्यालय । *नयाँ पत्रिका*, भदौ २८ । www.nayapatrikadaily.com/news-details/51064/2020-09-13 मा उपलब्ध; भदौ २८, २०७७ मा हेरिएको ।

पण्डित, शेषकान्त । २०७७ । सामुदायिक विद्यालयका शिक्षक घरदैलोमा पठाइँदै । *गोरखापत्र*, असोज ८ । https://gorkhapatraonline.com/education/2020-09-24-23249 मा उपलब्ध; असोज ८, २०७७ मा हेरिएको ।

मगर, सन्त गाहा । २०७७ । सामुदायिक विद्यालय : अनलाइन कक्षा छ, पढाइ छैन । *अनलाइनखबर*, भदौ १७ । www.onlinekhabar.com/2020/09/893406 मा उपलब्ध; भदौ १७, २०७७ मा हेरिएको ।

मिजार, चित्र । २०७७ । सिन्धुपाल्चोकमा धमाधम बन्द हुन थाले सामुदायिक विद्यालय । *गोरखापत्र*, असोज २३ । https://gorkhapatraonline.com/education/2020-10-09-24353 मा उपलब्ध; असोज २३, २०७७ मा हेरिएको ।

रासस । २०७७ । नौ महिनापछि खुले कालीकोटका सामुदायिक विद्यालय । मंसिर २२ । https://gorkhapatraonline.com/education/2020-12-07-27855 मा उपलब्ध; मंसिर २२, २०७७ मा हेरिएको ।

रिजाल, प्रकाश । २०७७ । शिक्षक, आरोप र "अनलाइन कक्षा" । *एजुकेशनपाटी*, भदौ ७ । https://educationpati.com/teachers-accusations-and-online-classes मा उपलब्ध; भदौ ९, २०७७ मा हेरिएको ।

रौनियार, रूबी । २०७७ । निजी खुसी, सामुदायिक दुःखी । *नागरिक,* जेठ २१ । https://nagariknews.nagariknetwork.com/education/228381-1591126007.html मा उपलब्ध; जेठ ३१, २०७७ मा हेरिएको ।

## लकडाउन, एसईई परीक्षा र नतिजा मूल्यांकन

चैत ६, २०७६ बाट हुने भनिएको एसईई परीक्षा कोभिड-१९ महामारीको संक्रमणलाई मध्यनजर गर्दै त्यसको अघिल्लो दिनमा आएर स्थगित गर्ने निर्णय सरकारले गऱ्यो । त्यसरी परीक्षा स्थगित गर्ने हठात् निर्णय भएपछि परीक्षा केन्द्र नजिक बस्न गएका टाढाका विद्यार्थीहरू फर्किनु परेको थियो । त्यसपछि भने एसईईको परीक्षा कहिले र कसरी सञ्चालन गर्ने भन्ने विषयमा बहस शुरू भयो । करिब तीन महिनाको अन्योलपछि मन्त्रिपरिषद्ले एसईई परीक्षा नलिने र विद्यालयको आन्तरिक मूल्यांकनका आधारमा सो को नतिजा प्रकाशन गर्ने निर्णय गरेको थियो । उक्त तीन महिनामा एसईई परीक्षा हुने कि नहुने भन्ने बारेमा कुनै आधिकारिक निर्णय नहुँदा निकै अन्योल उत्पन्न भयो । त्यसले गर्दा विद्यार्थीहरूले धेरै मानसिक तनाव व्यहोर्नुपरेको थियो । मन्त्रिपरिषद्ले एसईई परीक्षा नलिने र विद्यालयको आन्तरिक मूल्यांकनका आधारमा एसईईको नतिजा प्रकाशन गर्ने निर्णय गरेपछि यसबारेमा तीन खालका तर्क आए । पहिलो, एक थरीले एसईई परीक्षा कहिल्यै आवश्यक नभएको टिप्पणी गरे । कानूनले १२ कक्षाको परीक्षालाई माध्यमिक तहको बोर्ड परीक्षाको रूपमा लिइसकेको अवस्थामा फेरि पनि विद्यार्थीलाई एसईईको नाममा मानसिक तनाव दिने काम भएको भन्दै अब उप्रान्त एसईईको प्रावधानलाई हटाउनु पर्ने राय तिनले प्रकट गरेका थिए । तीन घण्टाको परीक्षाले विद्यार्थीको सबै पक्षको मूल्यांकन गर्न नसक्ने भएकाले अब एसईईको प्रावधान आवश्यक नरहेको तर्क उनीहरूको थियो । दोस्रो, यस वर्ष विशेष परिस्थिति भएको हुनाले परीक्षा नगरौँ तर आगामी वर्ष परीक्षा सञ्चालन गरौँ भन्ने थियो । महामारीको अवस्थामा एसईई परीक्षा सञ्चालन गर्न नसकिने भन्दै आन्तरिक मूल्यांकनको आधारमा एसईईको ग्रेड सिट दिनुपर्छ भन्ने पक्षमा उनीहरू थिए । उनीहरूको आशय यो वर्ष नगरे पनि आगामी वर्षबाट नियमित एसईईको परीक्षा गर्नुपर्छ भन्ने थियो । तेस्रो, यो वर्ष कुनै पनि हालतमा एसईईको परीक्षा सञ्चालन गर्नैपर्छ भन्ने थियो । स्वास्थ्य मापदण्ड अपनाएर ढिलै भए पनि एसईई परीक्षा सञ्चालन गर्नुपर्ने तर्क तिनले राखेका थिए । आन्तरिक मूल्यांकन विश्वसनीय नहुने, विद्यार्थीहरूले लामो तयारी गरेको हुनाले उनीहरूको मनोभावनामा असर हुने, परीक्षा नलिई दिएको प्रमाणपत्रमाथि प्रश्न उठ्ने हुनाले एसईईको परीक्षा गर्नुपर्ने उनीहरूको जिकिर थियो । त्यसैगरी, आन्तरिक मूल्यांकनकै आधारमा एसईईको नतिजा सार्वजनिक भएपछि पनि विभिन्न टीकाटिप्पणीहरू भए । जस्तै, यसअघिको परीक्षाको तुलनामा आन्तरिक मूल्यांकनको आधारमा दिइएको अंक निक्कै उच्च देखियो । जसले परीक्षाको मूल्यांकन प्रणालीमाथि नै शंका उब्जायो । एसईईको तयारीमा जुटेका कतिपय विद्यार्थीहरूको आन्तरिक परीक्षालाई मूल्यांकन गरेर नम्बर दिँदा तयारी अनुसारको नम्बर नपाएको विद्यार्थीको गुनासो आयो । त्यसैगरी, कतिपय अभिभावकहरूले आफ्ना विद्यार्थीलाई बढी नम्बर दिन विद्यालयलाई दबाब दिए । कतिपय ठाउँमा कम अंक दिएको भन्दै शिक्षकहरूमाथि कुटपिट र हातपातको घटनासमेत भए । त्यसैगरी विद्यार्थीलाई परीक्षा नदिई पास भयो तथा कोरोना ब्याच भनी विद्यार्थीको मनोबल गिराउने गरी ट्रोल बनाइए । निम्न सामग्रीहरूले एसईईको विषयमाथि केन्द्रित रही बहस चलाएका छन् :

अन्नपूर्ण पोस्ट । २०७७ । एसईईको मापन ! (सम्पादकीय) । भदौ ३ । http://annapurnapost.com/news/164012 मा उपलब्ध; भदौ ३, २०७७ मा हेरिएको ।

कान्तिपुर । २०७७ । बहसमा एसईई (सम्पादकीय) । वैशाख २९ । https://ekantipur.com/opinion/2020/05/11/158916407264944402.html मा उपलब्ध; जेठ २, २०७७ मा हेरिएको ।

कार्की, बाबुकाजी । २०७७ । जोखिममा एसईईको गरीमा । *नागरिक,* असार १४ । https://nagariknews.nagariknetwork.com/opinion/256621-1593324288.html मा उपलब्ध; असार १४, २०७७ मा हेरिएको ।

खड्का, सृजना । २०७७ । रातभरि करायो एसईई हरायो । *अन्नपूर्ण सम्पूर्ण,* असार ३ । https://sampurnaweekly.com/news/3573 मा उपलब्ध; असार १२, २०७७ मा हेरिएको ।

ढुंगेल, दामोदर । २०७७ । आन्तरिक मूल्यांकनका जटिलताहरू । *नेपाल,* जेठ २९ । https://nepalmag.com.np/opinion/2020/06/11/1591872112 मा उपलब्ध; जेठ ३०, २०७७ मा हेरिएको ।

दीक्षित (बस्नेत), शान्ता । २०७७ । एसईई परीक्षा अब कहिल्यै आवश्यक छैन । *सेतोपाटी,* जेठ ६ । www.setopati.com/opinion/206712 मा उपलब्ध; जेठ ६, २०७७ मा हेरिएको ।

पण्डित, शेषकान्त । २०७७ । एसईईको मूल्यांकन कार्यविधि तयार, त्रैमासिक र अन्तिम परीक्षाका आधारमा अंक निर्धारण । *गोरखापत्र,* असार १० । https://gorkhapatraonline.com/education/2020-06-23-17110 मा उपलब्ध; असार १०, २०७७ मा हेरिएको ।

लामा, सिङ्ग । २०७७ । एसईई २०७६ नतिजाको शल्यक्रिया ! *अनलाइनखबर*, भदौ ४ । www.onlinekhabar.com/2020/08/890926 मा उपलब्ध; भदौ ४, २०७७ मा हेरिएको ।

सिग्देल, सुदर्शन । २०७७ । एसईईका विद्यार्थीलाई कोरोना ब्याच नभनौँ । *सेतोपाटी,* जेठ ३२ । www.setopati.com/blog/208958? मा उपलब्ध; जेठ ३२, २०७७ मा हेरिएको ।

The Kathmandu Post. 2020. Looking Through 'Iron Gate' (Editorial). August 18. Available at https://kathmandupost.com/editorial/2020/08/18/looking-through-iron-gate; accessed August 19, 2020.

## विद्यालय भवनमा क्वारेन्टाइन र आइसोलेसन

भारतमा कोभिड-१९ को प्रकोप बढ्दै गएपछि रोजगारीको लागि भारत गएका नेपालीहरू २०७७ को शुरूदेखि नै स्थलमार्ग हुँदै एकै पटक हजारौँको संख्यामा स्वदेश फर्कन थाले । त्यसो हुँदा कोरोना नियन्त्रणको लागि त्यसरी देश भित्रिएका मानिसहरूलाई क्वारेन्टाइनमा राख्नुपर्ने अवस्था आयो । ठूलो संख्यामा त्यसरी क्वारेन्टाइनमा राख्नका लागि तत्कालै ठुल्ठुला भौतिक संरचनाहरू चाहिने भयो । त्यतिबेला विद्यालय कलेज बन्द भएका कारण स्थानीय सरकारहरूले तिनैलाई क्वारेन्टाइन र आइसोलेसन स्थलको रूपमा प्रयोग गरे । त्यस क्रममा सामुदायिक र निजी दुवै थरी विद्यालयका भवनहरू प्रयोग भएका थिए । विद्यालयका अधिकांश

भवनहरू क्वारेन्टाइनको लागि प्रयोग भएकोले विद्यालय सञ्चालन गर्दा समुदायमा कोरोनाको संक्रमण हुने डरले विद्यार्थी, शिक्षक र स्थानीय त्रसित थिए। कतिपय ठाउँमा बस्तीको बीचमा रहेका विद्यालयलाई क्वारेन्टाइन स्थल बनाउन खोज्दा स्थानीयले प्रतिकार गरेका थिए। सरकारले वैकल्पिक सिकाइ सहजीकरण निर्देशिका जारी गरी पठन पाठन प्रक्रियालाई निरन्तरता दिन निर्देशन गरेपछि मात्र क्वारेन्टाइन र आइसोलेसनका लागि प्रयोग भएका विद्यालय भवनहरूलाई केन्द्र सरकारकै निर्देशन अनुसार साउन २०७७ देखि खाली गरिएको थियो । साथै त्यसरी खाली भएका विद्यालयहरूलाई निर्मलीकरण गरेर अध्यापन गर्न योग्य बनाउनुपर्ने भनिएको थियो । विद्यालय भवनलाई क्वारेन्टाइन र आइसोलेसन स्थल बनाएको विषयमा पनि मिडियामा धेरै सामग्री छापिएका थिए। तीमध्ये केही प्रमुख सामग्री यसप्रकार छन् :

ओझा, रामहरि । २०७७ । क्वारेन्टिन बनाइएका विद्यालयको दुर्दशा । *अनलाइनखबर*, साउन १३ । www.onlinekhabar.com/2020/07/885129 मा उपलब्ध; साउन १३, २०७७ मा हेरिएको।

कान्तिपुर । २०७६ । स्कुल-क्याम्पसमा क्वारेन्टाइन बनाउनेबारे छलफल । चैत १४ । https://ekantipur.com/news/2020/03/27/158528357862726082.html मा उपलब्ध; वैशाख १३, २०७७ मा हेरिएको।

गोरखापत्र । २०७७ । विद्यालयमा क्वारेन्टाइन : विद्यार्थीलाई मनोवैज्ञानिक असर पर्न सक्ने । असार १४ । https://gorkhapatraonline.com/education/2020-06-28-17433 मा उपलब्ध; असार १५, २०७७ मा हेरिएको।

न्यौपाने, बिस्नप्रसाद । २०७७ । विद्यालयलमा क्वारेन्टाइनमा राख्न खोज्दा विवाद, गाउँपालिका अध्यक्ष लखेटिए । *अन्नपूर्ण पोस्ट,* जेठ ६ । http://annapurnapost.com/news/156246 मा उपलब्ध; जेठ ६, २०७७ मा हेरिएको।

नागरिक । २०७७ । क्वारेन्टिन बनाइएका विद्यालयमा भर्ना हुन मान्दैनन् विद्यार्थी । असोज १ । https://nagariknews.nagariknetwork.com/education/337741-1600341891.html मा उपलब्ध; असोज १, २०७७ मा हेरिएको।

पण्डित, शेषकान्त । २०७७ । विद्यालयका क्वारेन्टाइनको विकल्प खोज्न दबाब । *गोरखापत्र*, असार २० । https://gorkhapatraonline.com/education/2020-07-04-17776 मा उपलब्ध; असार २०, २०७७ मा हेरिएको।

रौनियार, रूबी । २०७६ । शिक्षण - संस्थाका ३५ हजारभन्दा बढी सुविधायुक्त कोठा क्वारेन्टाइनलाई । *नागरिक*, चैत ११ । https://nagariknews.nagariknetwork.com/social-affairs/206022-1585014600.html मा उपलब्ध; वैशाख १२, २०७७ मा हेरिएको।

विक, नवीन शिशिर । २०७७ । विद्यालयमा क्वारेन्टाइन, भाडाको सटरमा टोल शिक्षा । *गोरखापत्र*, असोज २ । https://gorkhapatraonline.com/featured/2020-09-18-22860 मा उपलब्ध; असोज २, २०७७ मा हेरिएको।

सेतोपाटी । २०७७ । अब विद्यालयलाई क्वारेन्टिन र आइसोलेसन सेन्टर बनाउन नपाइने । साउन १५ । www.setopati.com/social/212586 मा उपलब्ध; साउन १५, २०७७ मा हेरिएको।

The Rising Nepal. 2020. Quarantines Set Up in Schools Worry Teachers, Employees. July 11. Available at https://risingnepaldaily.com/main-news/quarantines-set-up-in-schools-worry-teachers-employees; accessed 12 July 2020.

## अन्य

कोभिड-१९ को कारण विद्यालयहरू बन्द भएपछि एउटा राम्रो पक्ष भनेको "होम स्कुलिङ" अर्थात् विद्यार्थीले घरमै बसेर पढ्न सकिने, घरायसी काम सिक्ने पद्धतिको विकास भएको छ । जसले अभिभावकहरूमा पढ्ने भनेको विद्यालय जानु मात्र नभएर घरमै बसेर घरायसी कामबारे सिक्नु पनि एक प्रकारको जीवनोपयोगी शिक्षाको रूपमा बुझायो । त्यसैगरी, बालबालिकाहरूमा कोरोना भाइरसको बारेमा जानकारी र मनोवैज्ञानिक असरबारे पनि बहस भएका छन् । लकडाउनको अवधिमा स्कुले बालबालिका सबै घर र परिवारसँग भएकाले कोरोनाको बारेमा बालबालिकाहरूसँग अभिभावकले कुराकानी गर्नुपर्ने, कोरोनाको बारेमा सामान्य ज्ञान दिनुपर्ने जस्ता विषयहरू उठाइएका छन् । लकडाउनमा प्राय: सबैजसो विद्यालयहरू बन्द नै रहेका थिए । तर अपवादस्वरूप केही विद्यालयहरूमा भने लकडाउनको समयमा पनि निरन्तर कक्षा सञ्चालन गरिए । ती विद्यालयहरूले आवश्यक सतर्कता अपनाई खुला तथा घरदैलो माध्यमबाट पठनपाठन प्रक्रियालाई निरन्तरता दिएका थिए । गाउँपालिका र जिल्ला प्रशासन कार्यालयबाट विद्यालय सञ्चालन नगर्न दबाब आएपनि त्यसको पर्वाह नगरी ती विद्यालयले आवश्यक स्वास्थ्य सावधानी सहित पठनपाठनलाई निरन्तरता दिएका थिए । त्यसैगरी, महामारीपछि विद्यार्थीहरूको सरसफाइप्रति चासो र ध्यान बढेको विषयलाई पनि मिडियाले उठाएका छन् । विद्यार्थीले नियमित हात धुने, सरसफाइ गर्ने बानीको विकास गरेका छन् । लकडाउनको समयमा पाठ्यपुस्तक उपलब्ध हुन नसक्दा पनि पठनपाठनमा समस्या आयो । वैकल्पिक माध्यमबाट कक्षा सञ्चालन गर्ने भनिएतापनि अधिकांश विद्यार्थीसँग पाठ्यपुस्तक भने थिएन । कतिपय अवस्थामा स्थानीय तहलेनै सहजीकरण गरेर विद्यार्थीलाई पाठ्यपुस्तक वितरण गरे पनि चाहिने जति सबैले पाएनन् । यातायातका साधन नचलेको हुनाले पाठ्यपुस्तक छपाई तथा वितरणमा समस्या आएको थियो । प्रस्तुत विषयहरूबारे मिडियामा आएका सामग्रीका लागि निम्न सूची उपयोगी छ :


अनलाइनखबर । २०७७ । टिच फर नेपालले तयार पाऱ्यो लकडाउन लक्षित पाठ्यपुस्तक । भदौ १४ । www.onlinekhabar.com/2020/08/892685 मा उपलब्ध; भदौ १४, २०७७ मा हेरिएको ।

कोइराला, विद्यानाथ । २०७६ । विपत्तिमा घरघरमै पढ्ने–पढाउने कि ? *कान्तिपुर,* चैत १५ । https://ekantipur.com/opinion/2020/03/28/158537224173983776.html मा उपलब्ध; वैशाख ११, २०७७ मा हेरिएको ।

खड्काथोकी, विश्वास । २०७७ । लकडाउनमा पनि बन्द नभएको एउटा विद्यालय । *अनलाइनखबर*, असोज ५ । www.onlinekhabar.com/2020/09/898021 मा उपलब्ध; असोज ५, २०७७ मा हेरिएको ।

गोरखापत्र । २०७७ । पच्चीस प्रतिशत मात्र पाठ्यपुस्तक बिक्री । जेठ १५ । https://gorkhapatraonline.com/education/2020-05-28-15214 मा उपलब्ध; जेठ १५, २०७७ मा हेरिएको ।

ढुंगाना, सजिना । २०७६ । कोरोनाबारे केटाकेटीसँग कुरा गर्नुभो ? *नयाँ पत्रिका,* चैत ६ । www.nayapatrikadaily.com/news-details/39060/2020-03-19 मा उपलब्ध; वैशाख ११, २०७७ मा हेरिएको ।

गोरखापत्र । २०७७ । असार १ अघि नै पुस्तक पुऱ्याइने । जेठ २१ । https://gorkhapatraonline.com/education/2020-06-03-15621 मा उपलब्ध; जेठ २१, २०७७ मा हेरिएको ।

पौडेल, डिल्लीराम । २०७७ । लकडाउन : घरमै सिक्ने अवसर । *नागरिक*, वैशाख १२ । https://nagariknews.nagariknetwork.com/news/127282/ मा उपलब्ध; वैशाख १२, २०७७ मा हेरिएको ।

शिक्षा पत्र । २०७७ । कहिले खुल्लान् स्कुल ? (सम्पादकीय) । कात्तिक १७ । https://shikshapatra.com/2020/11/02/90206 मा उपलब्ध; कात्तिक १८, २०७७ मा हेरिएको ।

सिंह, वसन्तप्रताप । २०७७ । जहाँ विद्यालयलाई लकडाउनले छोएन । *कान्तिपुर*, भदौ ३ । https://ekantipur.com/news/2020/08/19/159780283505451085.html मा उपलब्ध; भदौ ३, २०७७ मा हेरिएको ।

Koirala, Pratistha. 2020. Learning During Covid-19. *The Kathmandu Post*, August 16. Available at https://kathmandupost.com/columns/2020/08/16/learning-during-covid-19; accessed August 16, 2020.